भकारो सुधार कार्यक्रम संचालन सम्बन्धमा फालेलुङ गाउँ कार्यपालिकाको कार्यालयले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# फालेलुङ गाउँपालिका

# भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६

**गाउँ कार्यपालिका बैठकबाट स्वीकृत मिति २०७६/१०/१९**

**गाउँपालिका अध्यक्षबाट प्रमाणीकरण मिति : २०७६/१०/१९**

**प्रस्तावना :** फालेलुङ गाउँपालिका अधिकांश भू-भाग पहाडी क्षेत्र भएको भौगोलिक रुपमा विकट स्थानीय तह अन्तर्गत पर्दछ । गाउँपालिकाको आर्थिक विकासमा कृषि क्षेत्रको अग्रणी भूमिका रहेको छ । माटोको उर्वराशक्ति कायम गर्दै कृषि क्षेत्रको दीगो विकास गरी खाद्यान्नमा आत्मनिर्भर हुने सम्भावना प्रबल रहेको छ । बोट बिरुवालाई आवश्यक खाद्यतत्व पर्याप्त मात्रामा पूर्ति गर्न प्राङ्गारिक तथा रासायनिक मलको आवश्यक पर्ने भएकोमा रसायनिक मल समयमा उपलब्ध नहुँदा र प्राङ्गारिक तथा गोठेमलको उचित तरीकाले व्यावस्थापन तथा प्रयोग गर्न नसक्दा वर्षेनी कृषकहरुले समस्या व्यहोर्नुपर्ने भएकोले भकारो सुधार कार्यक्रम सञ्चालन गरी गोठेमलको गुणस्तर विकास गर्न अति आवश्यक भएको छ । दीगो रुपमा माटोको उर्वरा शक्ति कायम राख्न परम्परागत वर्षेनी कृषकहरुले समस्या व्यहोर्नुपर्ने भएकोले भकारो सुधार कार्यक्रम संचालन गरी प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आवश्यक भएको छ । दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न परम्परागत तरिकाले उत्पादन हुने प्राङ्गारिक मलको मुख्य श्रोत गाईवस्तुको मलमूत्र नै हो । गाईवस्तुको मलमूत्रमा पाइने खाद्यतत्वलाई बचाउन र गुणस्तर वृद्धि गर्न भकारो सुधार कार्य महत्वपूर्ण रहेको र भकारो सुधारबाट प्राङ्गारिक खेतीमा समेत महत्वपूर्ण योगदान दिनसक्ने भएको यथार्थलाई समेत मध्यनजर गरी रसायनिक प्रभावबाट मानव स्वास्थ्यमा पर्नसक्ने प्रभावलाई केही हदसम्म कम गरी पर्यावरण संरक्षणमा समेत महत्वपूर्ण भूमिका खेल्ने भएकोले फालेलुङ गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम 'भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६' रहेको छ ।

(२) यो कार्यविधि फालेलुङ गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) 'कार्यपालिक' भन्नाले फालेलुङ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) 'समिति' भन्नाले कार्यविधिको दफा १२ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

(घ) 'वडा' भन्नाले फालेलुङ गाउँपालिकाको वडालाई सम्झनु पर्दछ ।

**कार्यक्रम संचालनको उद्देश्य** : भकारो सुधार कार्यक्रमको उद्देश्य  देहाय बमोजिम रहनेछ ।

(क) गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने ।

(ख) रसायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।

(ग) दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।

(घ) कम्पोष्ट मल तयार गरी वातावरण स्वस्थ राख्ने ।

(ङ) पशुको मलमुत्रलाई सुरक्षित ररिकाले व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रकृया

**४. कार्यक्रम संचालन गरिने वडाहरु :** फालेलुङ गाउँपालिकाको सबै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ ।

**५. कार्यक्रम संचालन गरिने वडा तथा समूह छनौट :** गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सूचना अनुसार कृषक समूहले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी वडा तथा समूहको छनौट गर्नेछ ।

**६. कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछ** :

(क) निवेदनको साथमा सम्बन्धित समूहको बैठकले भकारो सुधारका लागि घरधुरीको छनौट गर्नुपर्नेछ ।

(ख) समुह/सहकारीले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउनु पर्ने पदाधिकारीलाई संस्थाको लेटर प्याडमा अख्यिारी पत्र पेश गर्नु पर्नेछ ।

(ग) समूह, सहकारी तथा फार्म दर्ता गरी सकृय रुपमा व्यवसायिक कृषि कार्य गरी आएको कृषक/कृषक समूहलाई प्राथमिकता दिईनेछ ।

(घ) कम्तीमा २ वटा गाईवस्तु पालेको साथै पशुवीमा गरेको कृषक लाई प्रथमिकता दिईनेछ । कृषक घरधुरीहरुको छनौट गर्दा कृषक समूहले प्राविधिकको सहयोगमा सम्बभ भएसम्म ५/५ जनाको क्लस्टर Cluster बनाई एकै ठाउँमा पर्ने गरी गर्नु पर्नेछ ।

(ङ) एउटै व्यक्ति वा समूहलाई दोहोरो पर्ने गरी सुविधा वा अनुदान दिईने छैन ।

(च) समुह/सहकारीको छनौट भएपछि सो को जानकारी गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

(छ) क्लष्टरमा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित, जनजाती तथा लोपन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिश गरे बमोजिम कार्यक्रम सञ्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएमा दुई वटासम्म क्लष्टर मिलाई कार्यक्रम संचालन गरिनेछ ।

७. **Focal person तोक्नुपर्नेः** भकारो सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न र आवश्यक प्राविधिक सहयोग गर्नका लागि गाउँ कार्यपालिकाले एकजना प्राविधिक कर्मचारीलाई Focal person को रुपमा तोक्नु पर्नेछ ।

८. **न्यूनतम मापदण्ड पूरा हुनुपर्नेः** भकारो सुधार गर्दा कम्तीमा २ वटा पशुका लागि गहुँत नचुहिने गरी पक्की भकारो हुनु पर्ने, गहुँत संकलन ट्यांकीको व्यवस्था हुनुपर्ने र भकारो अर्थात् मलखाद फ्याँक्ने खाडललाई घामपानीबाट जोगाउनका लागि छानोको व्यवस्था गरेको र प्राविधिकले तोके अनुसारको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

९. **अनुदान रकमको व्यवस्था :** समितिबाट छनौट भएका कृषक समूहलाई मूल्यांकन गरी प्रति भकारो सुधारका लागि बढीमा रु.१०,०००।- (दश हजार) सम्म अनुदान रकम अथवा सो बराबरको सामग्री उपलब्ध गराइने छ ।

१०.**अनुदान रकम पवाहको व्यवस्थाः** भकारो सुधार कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरीक्षण गरी प्राविधिक र समितिको सिफारिस प्राप्त भएपछि मात्र कृषकलाई फालेलुङ गाउँ कार्यपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

११. **कार्यक्रम अनुगमनको व्यवस्था :** कार्यक्रमको नियमित अनुगमन दफा १२ बमोजिमको समितिले गर्नेछ । अनुगमन गरेबापत गाउँ कार्यपालिकाले नियमानुसार यातायात खर्चको व्यवस्था गर्नेछ । यस कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि कृषि विकासको भ्रमण खर्च शीर्षकबाट भुक्तानी गर्न सकिने छ ।

१२. **कृषि विकास समितिको गठन** : गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिम कृषि विकास समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) योजना प्रमुख | - सदस्य |
| (ग) आर्थिक प्रशासन प्रमुख | - सदस्य |
| (घ) पशु सेवा शाखा प्रमुख | - सदस्य |
| (घ) सम्बन्धित वडाको वडा कृषि/पशु प्राविधिक | - सदस्य |
| (ङ) कृषि विकास शाखा प्रमुख | - सदस्य-सचिव |

**(१३) निर्देशन दिन सक्ने :** कार्यक्रम सम्बन्धमा फालेलुङ गाउँ कार्यपालिकाले आबश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

**१४) बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा कुनै अस्पष्टता एवं द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसुचि -१

निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
कृषि विकास शाखाको कार्यालय
थोक्लिम्बा,पाँचथर

**विषय :** भकारो सुधार कार्यक्रममा सहभागी गराई दिनु हुन ।

प्रस्तुत विषयमा फालेलुङ गाउँपालिकाको आ.व............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति.........मा प्रकाशित भकारो सुधार कार्यक्रम सञ्चालन गर्ने सम्बन्धि सूचना अनुसार मलाई मलखाद व्यवस्थापन गर्नको लागि १ वटा भकारो सुधार कार्यक्रम आवस्यक रहेको हुँदा सो कार्यक्रममा सहभागी हुन ......कृषक समुह/सहकारीले पनि मलाई सिफरिस गरेको हुँदा तपशील अनुसारको विवरण भरी यो निवेदन पेश गरेको छु ।

१. भकारो सुधारको लागि अनुदान पाऊँ भनिनी लेखिएको निवेदन - १
२. समुहको निर्णय तथा समुहले छनौट गरेको ब्यक्तिको नागरिकता र धनिपुर्जा को प्रतिलिपि -१
३. संस्थाले अनुदान प्राप्तको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई समुह/सहकारीको लेटर प्याडमा अक्तियारी पत्र - १
५. सम्बन्धित वडा को सिफारिस - १
६. समुह दर्ता प्रमाण-पत्र को प्रतिलिपि नवीकरण सहित -१
७. सहकारीको हकमा अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन -१
१०. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र ।
११. कृषि फम भए दर्ता प्रमाण- पत्र को प्रतिलिपि -१ सहित कर चुक्ताको प्रमाण-पत्र प्रतिलिपि १
१२.कृषि सम्बन्धि तालिम लिएको भए सो को प्रमाण-पत्रको प्रतिलिपि -१

निवेदक
कृषकको नाम : ...............
ठेगानाः ...............
सम्पर्क नं.: .............
हस्ताक्षर ...............